# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८२।०३।३१ गते

## प्रेस विज्ञप्ति

**विषय:** नियन्त्रणमा लिइएको।

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र कास्कीमा कार्यरत **कार्यालय सहयोगी दिपक पौडेल**ले सवारी चालक अनुमति पत्रको अनलाईन फारम भरीदिने र लिखित परीक्षा उत्तीर्ण गराई ट्रायल परीक्षामा समेत पास गरिदिने भनी सेवाग्राहीसँग घुस रिसवत वापत रकम माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराबाट खटिई गएको टोलीले निज कार्यालय सहयोगी दिपक पौडेललाई सेवाग्राहीसँग रु.७,०००।— (सात हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित आज मिति २०८२।०३।३१ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल